नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः-४२३२२६२
४२११६४५
सिंहदरवार, काठमाडौं

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबास व्यवस्थापन सम्बन्धमा मन्त्रालयको अत्यन्त जरूरी सूचना

विगत केही दिन यता विभिन्न सञ्चार माध्यमहरूमा भूमिहीन सुकुम्बासीको नाममा जग्गा पाउने लोभले वन जङ्गल फडानी भएको विषयमा प्रकाशित समाचारहरूप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । दशकौं देखि देशमा विद्यमान भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीहरूको समस्या सधैको लागि समाधान गर्न सरकारद्वारा भूमि सम्बन्धी समस्या समाधान आयोग गठन भई काम शुरु गरि सकेको अवस्था बिदितै छ । आयोगले भूमि सम्बन्धी ऐन, २०२१ (आठौं संशोधन २०७६) को दफा ५२ (ख) ४ मा उल्लिखित बाहेक अन्य जग्गा सोही ऐनको दफा ५२ (ख) र ५२ (ग) बमोजिम १० वर्ष वा सो भन्दा अघि देखि आवाद कमोत गरिआएको आधारमा भूमि सम्बन्धी (अठारौं संशोधन) नियमहरु,२०७७ मा उल्लेख भए बमोजिम उपलब्ध गराउने वा व्यवस्थित गर्ने प्रकृया शुरु गरिसकेको छ ।

यस सन्दर्भमा कुनै व्यक्ति, परिवार वा समूहले हालै कुनै स्थानमा वन जङ्गल फडानी गरी वा अतिक्रमण गरी बसोबास गरेको रहेछ भने सो आधारमा मात्रै आयोगले जग्गा उपलब्ध नगराउने र यस्तो कार्य गर्ने गराउनेलाई प्रचलित कानून बमोजिम सजाय हुने जानकारी गराइन्छ । कुनै जग्गामा कुनै व्यक्ति, परिवार वा समूहको बसोबास कहिले देखि भएको हो भन्ने विषय एकीन गर्न स्थलगत सर्जमीन गरिने, स्थानीय तहको एकीन सिफारीश र कार्यपालिकाको निर्णय आवश्यक पर्ने र सो सर्जमीनबाट भएको सिफारीशको सत्यापन भूमि सम्बन्धी (अठारौं संशोधन) नियमहरु,२०७७ को नियम ४१ (ज) ४ बमोजिम विगतमा लिइएका हवाई फोटो वा भूउपग्रह तस्बीरको माध्यमबाट समेत गरिनेछ । तसर्थ कुनै पनि व्यक्ति, परिवार वा समूहले जग्गा प्राप्त गर्ने प्रयोजन कै लागि हाल वन जङ्गल फडानी गर्ने, सरकारी सार्वजनिक जग्गा अतिक्रमण गर्ने जस्ता गैर कानूनी क्रियाकलाप नगर्न, यस्तो कार्यलाई कसैले पनि सहयोग वा प्रोत्साहन नगर्न र स्थानीय तहले पनि यस्तो किसिमको जग्गाको झूठो सिफारीश नगर्न, नगराउन हुन मन्त्रालय हार्दिक अनुरोध गर्दछ । कथम् कदाचित यस्तो किसिमको गैरकानूनी कार्य वा झूठो सिफारीश भएको पाइएमा सोही ऐनको दफा ५२(घ) बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

०७७।११।११

टोलराज उपाध्याय
उपसचिव/सूचना अधिकारी